annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ९५ पृष्ठ ८ | काठमाडौं, आइतबार २० साउन २०८१ | श्रावण कृष्णपक्ष औंसी, नेपाल संवत् ११४४ | SUNDAY, AUGUST 4, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## खराब मात्र छैनन् सहकारी

सहरी क्षेत्रका केही सहकारीहरूले सदस्यको बचत हिनामिना गरे । ताला लगाएर सञ्चालक फरार भए । त्यसैकारण आमनागरिकमा सहकारीप्रतिको दृष्टिकोण बदलियो । भरोसा टुट्यो । सहकारी भनेकै ठग हुन् भन्ने भाष्य स्थापित भयो । तर, मुलुकमा केही यस्ता पनि सहकारीहरू छन्, जो समुदायका नागरिकहरूको सारथी बनेर उभिएका छन् । स्थानीयको सुख, दुःख बिसाउने थलो बनेका छन् । छरिएको पुँजीलाई एकीकृत गरी स्थानीयको जीविकोपार्जनमा सहयोग गरिरहेका छन् । कतिपयका लागि त उनीहरू बरदान जस्तै बनेका छन् ।

समाचार पृष्ठ २

**केशरराज क्षेत्री** | *बुटवल*

**– को रिपोर्ट**



बर्दियाको हाम्रो मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था लिमिटेडले कोखदेखि शोकसम्म हाम्रो मध्यवर्ती साकोस कार्यक्रमअन्तर्गत ठाकुरबाबा नगरपालिका–२ बर्दिया कर्मला निवासी तारा थापाको निधनमा राहत वितरण गर्दै । ● केशरराज क्षेत्री

### के गरे उत्कृष्टले ?

- विधि, नीति र नियममा चले
- वित्तीय अनुशासन कायम राखे
- जगेडा कोषमै करोडौं राखे
- सेयर सदस्यलाई वित्तीय साक्षरता दिए
- विपन्नका सारथी बने
- सामाजिक उत्तरदायित्व सहितको सेवा दिए
- छरिएको पुँजी एकीकृत गरे
- समुदायमा केन्द्रित भए
- सहकारी चलाउन थुप्रै कार्यविधि बनाए
- कार्यकारीलाई व्यवस्थापकीय अधिकार दिए
- जति लाइन बसे पनि सदस्यलाई रकम फिर्ता गरे
- कृषि, उत्पादनमूलक क्षेत्रमा लगानी गरे
- अनुपादक क्षेत्रमा न्यून कर्जा दिए
- सिकाइका केन्द्र बने उत्कृष्ट सहकारी

## निर्माण व्यवसायीको भुक्तानी कहिले ?



**मानव बम**

इजलास

मुलुकका दुई ठूला दल कांग्रेस र एमाले मिलेर दुईतिहाइको सरकार गठन भएको छ। सरकारप्रति नागरिकका आशा र अपेक्षा धेरै छन्। तर, मुलुकको अर्थतन्त्र चलायमान छैन। सबैजसो क्षेत्र प्रभावित छन्। सबैभन्दा ठूलो लगानी रहेको निर्माण क्षेत्र पनि धराशायी बन्दै गएको छ। अधिकांश निर्माण व्यवसायी बैंकको कालोसूचीमा परेका छन्। आयोजना समयमै नसकिएर कालोसूचीमा पर्ने त छँदै छन्, समयमै किस्ता र ब्याज तिर्न नसक्दा कालोसूचीमा पर्नेहरू पनि उत्तिकै छन्। भुक्तानी नियमित नहुँदा बैंकको किस्ता र ब्याज तिर्न समस्या परेको हो।

त्यसैले निर्माण व्यवसायीलाई दिनुपर्ने बाँकी रकम सरकारले अविलम्ब भुक्तानी गर्नुपर्छ। मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउनुपर्छ। भुक्तानी प्रणालीले अर्थतन्त्र चलायमान बनाउँथ्यो। समग्र निर्माण व्यवसाय सरकारकै ठेक्कामा आश्रित छन्। काम मात्रै भएर भएन। त्यसको भुक्तानी पनि हुनुपर्छ।

यस्ता कुराले बैंक र श्रमिकलाई प्रत्यक्ष रूपमा असर गर्छ। यसलाई सरकारले छिटो सम्बोधन गर्न आवश्यक छ। मन्त्रिपरिषद्बाट निर्णय गराएको खण्डमा यो समस्या समाधान हुन्छ। यसका लागि नेपाल निर्माण व्यवसायी महासंघले पहल गरिरहेको छ। तर, विगतमा सरकारी संयन्त्रले नै यसलाई गम्भीरतापूर्वक नलिएका कारण निर्माण व्यवसायीका समस्या समाधान नभएका हुन्।

कर्णाली जस्तो ग्रामीण भेगमा काम गर्ने निर्माण व्यवसायीहरूको समस्या प्रतिसरकारको विशेष ध्यान जान जरुरी छ। विकास निर्माण सुस्त हुनुमा निर्माण व्यवसायीका मात्र कमजोरी छैनन्। सरकारी कर्मचारी र निर्माणमा आयोजनाका लागि छानिने परामर्शदाताहरू पनि उत्तिकै जिम्मेवार छन्। हाम्रा कतिपय नियम र कानुन पनि बाधक छन्। निर्माण क्षेत्रमा काम गरेको रकम भुक्तानी समयमै नपाउँदा घरखेत बिक्री गरेर बैंकको ऋण तिर्नुपर्ने बाध्यता छ। यो अवस्थालाई सुधार गर्न सरकार गम्भीर हुनै पर्छ।

*(बम, निर्माण व्यवसायी महासंघ कर्णाली प्रदेशका महासचिव हुन्।)*

## ६४ वर्षसम्म बेपत्ता नरसिंह फर्किए जन्मघर

**कृष्ण बिष्ट** | *बैतडी*



भारतमा काम गर्न जान्छु भने। १७ वर्षकै उमेरमा घरबाट हिँडे। कमाई गरेर घर परिवारलाई दिनु त परको कुरा उल्टै कहिल्यै सम्पर्कमा आएनन्। दिन, महिना, वर्ष गर्दै ६४ वर्ष बिते। तर, बैतडी पुर्चौडी-७ का नरसिंह रतोकीको अत्तोपत्तो भएन। परिवारका नयाँ पुस्ताले त बिर्सिनै लागेको थियो। २००० सालमा जन्मिएका नरसिंह यतिका वर्षसम्म सम्पर्कमा नआएपछि परिवारले उनी फर्कनेमा आशा मारिसकेको थियो।

बिहीबार बिहान प्रहरीले एक वृद्धको मेलौली नगरपालिका-५ स्थित सिरोडाको जंगलबाट उद्धार गर्‍यो। इलाका प्रहरी कार्यालय तस्वदेही मेलौलीको 'अलपत्र' अवस्थामा ती वृद्ध भेटेको थियो। बुझ्दै जाँदा थाहा भयो- ती त तिनै 'बेपत्ता' भएका नरसिंह रतोकी रहेछन्।' मानसिक अवस्था निकै कमजोर भएका रतोकीको पहिचानपछि परिवारले घरमा लगेका छन्।

'बेपत्ता' भएका नरसिंह पुर्चौडी-७ का वडा सदस्य गामी सिंह रतोकीका काका हुन्। काका भेटिएकोमा वडा सदस्य गामी खुसी छन्। 'अन्तिमपटक भारतको पिथौरागढ लगायतका क्षेत्रमा खोजबिन गर्ने र नभेटिएपछि कुशको शव बनाएर दाहसंस्कार गर्ने मनस्थिति बनाइसकेका थियौं,' वडा सदस्य गामीले भने, 'तर भगवान्ले यतिका वर्षपछि पनि भेट गराईदिए, हामी खुसी छौं।'

नरसिंहको मानसिक अवस्था कमजोर भइसकेको छ। उनको १७ वर्षको उमेरमा बिहे पनि भएको थियो। तर, उनी बेपत्ता भएपछि श्रीमती पनि अन्तै हिँडेको छिमेकीहरू बताउँछन्।

वडाध्यक्ष धीरेन्द्रबहादुर बम परिवारका सदस्यले माया मारिसकेका नरसिंह भेट्नु अनौठो घटना भएको बताउँछन्। 'यतिका वर्षसम्म कहीँकतै नभेटिएका मान्छे, एकाएक भेटिनु त अनौठो हो नि!,' वडाध्यक्ष बमले भने। नरसिंहले लामो समयसम्म भारतकै बिभिन्न ठाउँमा समय बिताएको आफन्तहरूको भनाइ छ। ०५९ सालमा उनका आफन्तहरूले पिथौरागढमा भेटेका थिए। त्यतिबेला उनी घर फर्किन मानेनन्।

'पिथौरागढमा काम गर्दै गरेको अवस्थामा नरसिंहका आफन्तले उनलाई भेटेका थिएँ,' स्थानीय खेमराज भट्ट भन्छन्, 'त्यसबेला घर फर्किन मानेनन्। त्यसपछि त कसैले पनि भेटेन।' गत बिहीबार स्थानीयले जंगलमा सुतेको अवस्थामा उनलाई देखेका थिए।

बाँकी पृष्ठ ६

